संघीय संसद

**प्रतिनिधि सभा, २०७९**

**छैटौं अधिवेशन**

बैठक सङ्ख्या – ४६

सूचनापत्र - २

**(बैठकको कारबाहीको संक्षिप्त विवरण)**

२०८२ साल असार ३१ गते मङ्गलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो।

बैठक प्रारम्भ हुनासाथ राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय सदस्यहरू आआफ्नो आसन अगाडि उभिनु भएपछि सम्माननीय सभामुखले मा० शिव नेपाली र मा० ज्ञान बहादुर शाहीलाई क्रमशः समय दिनुहुँदा उहाँहरूले मानव तस्करी विरूद्ध पार्टीको विरोध जारी रहेको, बहालवाला मन्त्रीहरूको घुस लेनदेनसम्बन्धी टेप प्रकरणमा राजीनामा दिएर मात्र नहुने पक्राउ गरी छानबिन गरिनुपर्ने, भोटेकोशी बाढीमा परी बेपत्ता हुनेहरूको शीघ्र खोजी गर्न सरकारी संयन्त्र परिचालन गर्नुपर्ने, निरन्तर ४९ दिनदेखि भिजिट भिजा प्रकरणमा उच्चस्तरीय छानबिन समिति गठनको माग गर्दै सदनमा निरन्तर आन्दोलन गरिरहेकोले माग पूरा नभएसम्म सदन बहिस्कार गर्ने लगायतका विषयहरूमा आआफ्नो भनाइ राख्नुभयो।

यसैबीच मा० ज्ञान बहादुर शाहीले बोलीसकेपछि राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय सदस्यहरू बैठक बहिस्कार गर्नुभयो। त्यसैगरी मा० सुनिता बरालले नियमापत्ति गर्नुहुँदै सदनमा माननीयहरूले जथाभावी बोल्ने र आरोप लगाउने प्रवृत्ति बढेको, पूर्ववक्ता माननीयले प्रधानमन्त्रीको नामै लिएर आरोप लगाएकोमा आफ्नो दलको गम्भीर आपत्ति रहेको भन्नुहुँदै यो विषय सदनको रेकर्डबाट हटाउन माग गर्नुहुँदा सम्माननीय सभामुखले माननीयहरूले उठाउनुभएको विषय र नियमापत्तिप्रति समेत ध्यानार्कषण भएको भन्नुभयो।

त्यसपछि आकस्मिक समयमा निम्नलिखित माननीय सदस्यहरूले क्रमशः दाङमा भएको छुट्टाछुट्टै दुर्घटनामा परी चारजना किशोरहरूको मृत्यु भएकोले दैवी प्रकोप र विभिन्न किसिमका दुर्घटनाबाट सुरक्षित राख्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, बाराको कलैया निवासी युवक चित्लाङ खोलामा नुहाउने क्रममा मृत्यु भएको, मधेस प्रदेशमा दुषित पिउने पानीको कारण हैजा, झाडापखालाजस्ता जलजन्य रोगहरू फैलिएको हुँदा वैकल्पिक शुद्ध पानी वितरण प्रणाली लागू गर्नुपर्ने साथै खेतीबालीको लागि सिँचाई योजना लागू गरिनुपर्ने, बाँकेको डुडुवा, राप्तीसोनारी, नरैनापुर क्षेत्रका किसानहरू खेतिबाली गर्न खेतसम्म जान अत्यन्तै असुरक्षित र जोखिम रूपमा डुङ्गा चढेर जानुपर्ने बाध्यता रहेकोले तत्काल पुल निर्माण गरिनुपर्ने, रुकुम निवासी शिशिर चन्दको नलगाढ नगरपालिका क्षेत्रमा विद्युत मर्मत गर्ने क्रममा करेन्ट लागेर मृत्यु भएकोले उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने लगायतका विषयमा आआफ्नो भनाई राख्नुभयो:-

१. मा० दिपक गिरी
२. मा० ज्वाला कुमारी साह
३. मा० राम प्रकाश चौधरी
४. मा० डा० चन्द्रकान्त भण्डारी
५. मा० चन्द्रबहादुर विश्वकर्मा

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरूले समसामयिक विषयमा आआफ्नो भनाई राख्नुभयो:-

१. मा० ठाकुर प्रसाद गैरे
२. मा० दिलेन्द्र प्रसाद बडू
३. मा० दुर्गा राई
४. मा० देवेन्द्र पौडेल
५. मा० धन बहादुर बुढा
६. मा० नारायणी शर्मा
७. मा० पुष्प बहादुर शाह
८. मा० पूर्ण बहादुर घर्ति मगर
९. मा० प्रकाश ज्वाला
१०. मा० प्रतिक्षा तिवारी
११. मा० प्रभु हजरा
१२. मा० प्रेम बहादुर महर्जन
१३. मा० बासु देब घिमिरे
१४. मा० बिमला सुवेदी

तत्पश्चात् प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरूले समसामयिक विषयमा आआफ्नो भनाई राख्नुभयोः-

१. मा० राजेन्द्र बजगाई
२. मा० पदम गिरी
३. मा० लेख नाथ दाहाल
४. मा० मेटमणि चौधरी
५. मा० सुशीला श्रेष्ठ
६. मा० अब्दुल खांन
७. मा० रेखा यादव
८. मा० सर्वेन्द्र नाथ शुक्ला
९. मा० प्रेम सुवाल
१०. मा० चित्र बहादुर के.सी
११. मा० प्रभु साह
१२. मा० डा० अमरेश कुमार सिंह
१३. मा० योगेन्द्र मण्डल
१४. मा० प्रतिमा गौतम
१५. मा० दिपा शर्मा

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको बेहोरा पढेर सुनाउनुभयोः-

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा २ बमोजिम प्रामाणीकरण भएका देहाय बमोजिमका विधेयकको प्रमाणीकृत प्रति थान एक (१) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु।

| क.सं. | ऐन संख्या | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | ३ | आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि संघीय संचित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ | २०८२/०३/३० |
| २ | ४ | नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तवालाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२ | २०८२/०३/३० |
| ३ | ५ | राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक, २०८२ | २०८२/०३/३० |

मितिः २०८२/०३/३० (डा० दिपक काफ्ले)
सचिव

तदुपरान्त सार्वजनिक लेखा समितिका माननीय सभापति ऋषिकेश पोखरेलले “सार्वजनिक लेखा समितिको २३ औं वार्षिक प्रतिवेदन, २०८२” सदनसमक्ष पेस गर्नुभयो।

तत्पश्चात् माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले “वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि उक्त विधेयकमाथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरूले उठाउनुभएको प्रश्नहरूको माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले जवाफ दिनुभयोः-

१. मा० बासु देव घिमिरे
२. मा० दामोदर पौडेल बैरागी
३. मा० किरण कुमार साह
४. मा० प्रतिमा गौतम
५. मा० देवेन्द्र पौडेल
६. मा० वर्षमान पुन
७. मा० मेटमणि चौधरी
८. मा० हितराज पाण्डे
९. मा० ठाकुर प्रसाद गैरे
१०. मा० सराज अहमद फारुकी
११. मा० बिमला सुवेदी
१२. मा० रन्जु कुमारी झा
१३. मा० मैना कार्की
१४. मा० प्रेम सुवाल

तदुपरान्त सम्माननीय सभामुखले “वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो।

तत्पश्चात् सम्माननीय सभामुखले “वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१” माथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम संशोधन पेस गर्न चाहनु हुने माननीय सदस्यहरूले विधेयक शाखा (प्रतिनिधि सभा) संघीय संसद सचिवालय, सिहंदरबारमा दिन सक्नुहुने बेहोरा जानकारी गराउनुभयो।

त्यसपछि मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले "राष्ट्रिय सभामा उत्पत्ति भएको पानी जहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

तदुपरान्त उक्त विधेयकमाथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरूले उठाउनुभएको प्रश्नहरूको मा०

भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले जवाफ दिनुभयोः-

१. मा० बासुदेव घिमिरे
२. मा० रामहरि खतिवडा
३. मा० प्रतिमा गौतम
४. मा० सिता मिजार
५. मा० मैना कार्की
६. मा० दामोदर पौडेल बैरागी
७. मा० किरण कुमार साह
८. मा० दुर्गा राई
९. मा० प्रकाश ज्वाला
१०. मा० सराज अहमद फारुकी
११. मा० रुपा सो.शी (चौधरी)
१२. मा० ज्वाला कुमारी साह
१३. मा० हेमराज राई
१४. मा० देवी प्रकाश भट्टचन
१५. मा० राम कृष्ण यादव
१६. मा० प्रेम सुवाल

तत्पश्चात् सम्माननीय सभामुखले "राष्ट्रिय सभामा उत्पत्ति भएको पानी जहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० रुपा सो.शी (चौधरी)ले सदनमा गणपूरक सङ्ख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेस गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनुपर्ने भएकोले गणपूरक सङ्ख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित माननीय सदस्यहरूको सङ्ख्या गणना गर्दा गणपूरक सङ्ख्या ६९ हुनुपर्नेमा माननीय सदस्यहरूको सङ्ख्या ६१ रहेकोले उक्त गणपूरक सङ्ख्या नपुगेकोले आजको कार्यसूचीको बाँकी कार्यक्रम सूचीबाट हटाइएको बेहोरा जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-९ बमोजिमको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी कार्यक्रम २०८२ साउन ७ गतेको बैठकमा हुने गरी निर्धारण गरेको बेहोरा जानकारी गराउनुहुँदै प्रधानमन्त्रीसँगको प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रमको लागि यस अघि नै समूह विभाजन भइसकेको र समूह १० मा रहेका माननीय सदस्यहरूले नियमावलीको नियम ५८ बमोजिम मिति २०८२ साउन २ गते शुक्रवार दिनको १:०० बजेभित्र प्रतिनिधि सभाका सचिवसमक्ष आफ्नो प्रश्न लिखित रूपमा दिनसक्नुहुने बेहोरासमेत जानकारी गराउनुभयो। साथै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ५६ बमोजिम प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको लागि प्रश्न सोध्न चाहनु हुने माननीय सदस्यहरूले सोही नियमावलीको नियम ५९ बमोजिम प्रश्न सम्बन्धी शर्त पूरा गरी आफ्नो प्रश्न दर्ता गराउन हुन र प्रश्नकर्ता माननीय सदस्यले धेरै लामो र निरर्थक प्रश्न नगरी संक्षिप्त रूपमा आफ्नो प्रश्न दिनुहुन समेत माननीय सदस्यहरूको ध्यानाकर्षण गराउनुभयो।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८२ साल साउन ७ गते बुधबार दिनको १:०० बजे बस्ने गरी दिनको ६:२० बजे स्थगित भयो।

हर्कराज राई
सचिव
प्रतिनिधि सभा